# सम्बन्ध विच्छेद : एक विश्लेषणात्मक समीक्षा

हिमाल खड्का

मानविकी तथा सामाजिकशास्त्र सङ्काय, त्रियुगा जनता बहुमुखी क्याम्पस

## लेखसार

सम्बन्ध विच्छेद्लाई पारपाचुके, त्याग पत्र वा श्रीमान् तथा श्रीमती बिचको अधिकार तथा कर्तव्यको अन्त्य हो । वैवाहिक सम्बन्धलाई कानुनले सम्झौताको रूपमा परिभाषित गरेको छ । जसरी विज्ञान र प्रविधिको उच्चतम विकासले संसारलाई साँघुरो बनाएको छ । त्यसैगरी मानवीय सामाजिक सम्बन्धलाई यसले फराकिलो र जटिल बनाएको छ । मानवीय अन्य सम्बन्धलाई जसरी विश्वव्यापीकरणले मानव अधिकारमुखी हुन टेवा पुर्याएको छ । त्यसैगरी विश्वव्यापीकरण र मानव अधिकारको उपयोगले श्रीमान् तथा श्रीमतीको सम्बन्ध विच्छेद्को सन्दर्भमा उदयपुर जिल्ला अदालतमा दर्ता भएका मुद्दाहरू पत्ता लगाइएको छ । अन्य मुद्दाहरूसँगको तुलनामा सम्बन्ध विच्छेद मुद्दाहरूको मात्रा धेरै रहेको पाइयो । हाल विवाहलाई सामाजिक सम्झौताको रूपमा कानुनले औँल्याएका कारण सम्बन्ध विच्छेद गर्न पाउने अधिकारको प्रयोग गर्दा सामाजिक समस्याको रूपमा विकास भएको अवस्था अध्ययन गरिएको छ । वास्तवमा अधिकारको प्रयोगको रूपमा रहेको कारणले मुद्दा दर्ता गर्ने सङ्ख्या अत्याधिक बढ्न गई यसले सामाजिक समस्याको रूप ग्रहण गरेको छ । यो अध्ययनको निष्कर्षको रूपमा हाल उदयपुर जिल्लामा समेत सम्बन्ध विच्छेद गर्ने विवाहितको सङ्ख्या कहाली लाग्दो अवस्थामा रहेको पाइएको छ । सम्बन्ध विच्छेद पछिको अवस्था, स्वयम् व्यक्तिहरूमा आएको सङ्कट, सम्बन्ध विच्छेद हुने कारण, परिवार तथा समाज यसबाट हुने असर र सम्बन्ध विच्छेदी वावुआमाको छोराछोरीको अध्ययन गर्नु पर्ने अवस्था सिर्जना भएको देखिन्छ । यो अनुसन्धानले सामाजिक जीवनमा के कारणले सम्बन्ध विच्छेद हुन्छ, कुन-कवुन जाती, महिला वा पुरुष कस्ले सम्बन्ध विच्छेद गर्न पहिला उजुरी दिन्छन् भन्ने कुरा पत्ता

लगाउनु रहेको छ । यो उद्देश्यलाई परिपूर्ति गर्न द्वितीय स्रोतको रूपमा राष्ट्रिय-अन्तर्राष्ट्रिय लेखरचना, पुस्तक अध्ययन रहेको छ । सम्बन्ध विच्छेदलाई नेपाली समाजमा नराम्रो दृष्टिकोणले हेरिएतापनि सम्बन्धविच्देद्का घटनाहरू बढ्दै गइरहेका छन् । यसबाट सृजना भएको पारिवारिक असर अझ कहाली लाग्दै हुँदै गइरहेको कारणले यो विषयमा चासो बढेको हो ।

*मुख्य शब्द :* पारपाचुके, मुलुकी देवानी संहिता, मिलापत्र, तामेली, मुद्दा खारेज

## पृष्ठभूमि

मानव सभ्यताको उषाकालदेखि नै विवाह प्रणालीको अस्तित्व रहेको छ । धेरै खालका विवाहका रूपहरू धर्म, संस्कृति र जातजाति समूहहरू अनुसार अस्तित्वमा रहेका छन् । नेपालमा पनि धेरै खालको विवाह पद्धति रहेका छन्, जस्तो : मागी विवाह, प्रेम विवाह, अदालती विवाह, जारी विवाह आदि प्रचलनमा रहेका छन् (मिश्र, २०१०) ।

आजभोलि विवाहको परम्परागत आधारलाई भौतिकवादी सोचले विस्थापित गर्दै आइरहेको कारणले सामाजिक मूल्यमान्यता, संस्कार र चालचलन परिवर्तन भएसँगै सम्बन्धविच्छेदको मात्रा र कारणमा परिवर्तन देखिएको छ । परम्परागत सम्बन्धविच्छेदका नियमहरू जात, धर्म र संस्कृति अनुसार फरकफरक देखिए पनि आजभोलि अदालती प्रक्रियाद्वारा मात्र सम्बन्धविच्छेदको अन्तिम निरूपण गर्ने कानुनी व्यवस्था भएको छ । सम्बन्ध विच्छेदको उजुरी श्रीमान् तथा श्रीमती दुवैले जसले पनि दिन सकिनेछ ।

विवाहबाट महिला पुरुषको सम्बन्ध श्रीमान् तथा श्रीमतीका रूपमा जोडिन्छ र सम्बन्ध विच्छेदबाट अन्त्य गरिन्छ । यसरी श्रीमान् तथा श्रीमतीको नाता सम्बन्ध अन्त्य गर्ने कार्यलाई सम्बन्ध विच्छेद भनिन्छ । सम्बन्ध विच्छेद्लाई पारपाचुके, त्याग पत्र वा श्रीमान् तथा श्रीमती बीचको अधिकार

तथा कर्तव्यको अन्त्य भन्ने बुझिन्छ । एक अविवाहित केटा तथा अर्को अविवाहिता केटी बिच जुनसुकै हिसाबले स्थापित वैवाहिक सम्बन्धको कानुनी तथा सामाजिक रूपमा अन्त्य गर्नु सम्बन्ध विच्छेद मानिन्छ । नेपाली कानुनी शब्दकोषमा सम्बन्ध विच्छेद्लाई पारपाचुके अर्थात तलाक भन्ने शब्द प्रयोग गरिएको छ । यद्यपि हिन्दू जातीय परम्परा अनुसार सम्बन्ध विच्छेद हुन नसक्ने कुरालाई बढवा दिइ विवाह जुनी जुनीको नाता सम्बन्ध रहने अभिप्राय बोकेको छ ।

सम्बन्ध विच्छेद अङ्ग्रेजी शब्द डिभोर्सको (Divorce) समानार्थी शब्द हो, जुन ल्याटिन शब्द Divortimu बाट आएको हो । जसको अर्थ विवाह बन्धन टुट्नु भन्ने हुन्छ (The Encyclopedia Britannica, 1910) । कानुनी रूपमा सम्बन्ध विच्छेद गर्ने भनेको सैद्धान्तिक रूपमा दुवै पक्षको मूल्याङ्कन गरी निर्णय गर्ने कार्य हो । तदनुरूप निर्णयअनुसार कानुनी तथा सामाजिक हैसियत निर्धारण हुन्छ (थपलिया, २०४८) ।

वैवाहिक सम्बन्ध कायम गर्ने तथा विच्छेद गर्न पाउने अधिकारलाई मानव अधिकारको रूपमा अन्तर्राष्ट्रिय कानुनले स्वीकार गरेको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १६ ले उक्त अधिकारलाई प्रत्याभूत गरेको छ । यस्तै संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी कानुन, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धन १९६६ को धारा २३ अनुसार वैवाहिक सम्बन्ध कायम गर्ने, निरन्तरता दिने/नदिने जस्ता प्रक्रियालाई नैसर्गिक अधिकारको रूपमा व्यवस्था गरिएको छ । यसरी सम्बन्ध विच्छेद कार्य प्राकृतिक मानव अधिकारको रूपमा स्वीकार गरिएको छ ।

यसैगरी नेपाली कानमा समेत उक्त अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाकै समर्थन गर्ने गरी कानुनी व्यवस्था रहेको छ । हाल नेपालमा विवाह तथा सम्बन्ध विच्छेदलाई सम्बोधन गर्ने कानुन मुलुकी देवानी संहिता २०७४ रहेको छ । उक्त ऐनको परिच्छेद ३ मा सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्था गरिएको छ ।

देवानी संहिता २०७४ को दफा ९३ अनुसार श्रीमान् तथा श्रीमती दुवैको मन्जुरीले जहिले पनि सम्बन्ध विच्छेद गर्न सकिने व्यवस्था गरेको छ ।

मुलुकी देवानी संहिता दफा ९४ अनुसार पतिले सम्बन्ध विच्छेद गर्न पाउने आधारहरू :

- कानुन बमोजिम अंश लिई वा मानो छुट्टि बाहेक पत्नीले पतिको मन्जुरी नलिई ३ वर्ष वा सोभन्दा बढी भिन्न भई बसेमा,
- पत्नीले पतिलाई खान लाउन नदिएमा वा घरबाट निकाला गरेमा,
- पत्नीले पतीको अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल परिपञ्च गरेमा,
- पत्नीले अरू कसैसँग यौन सम्पर्क गरेको प्रमाणित भएमा,

मुलुकी देवानी संहिता दफा ९५ अनुसार पत्नीले सम्बन्ध विच्छेद गर्न पाउने आधारहरू :

- कानुन बमोजिम अंश लिई वा मानो छुट्टी बाहेक पतिले पत्नीको मन्जुरी नलिई ३ वर्ष वा सोभन्दा बढी भिन्न भई बसेमा,
- पतिले पत्नीलाई खान लाउन नदिएमा वा घरबाट निकाला गरेमा,
- पतिले पत्नीको अङ्गभङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल परिपञ्च गरेमा,
- पतिले अर्को विवाह गरेमा,
- पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,
- पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा,

माथिका प्रावधानका आधारमा सम्बन्ध विच्छेद् अधिकारलाई नेपालको कानुनले समेत मानव अधिकारको रूपमा आत्मसाथ गरेको पाइन्छ ।

हाल क्रियाशिल सम्बन्ध विच्छेदको कानुनी प्रावधानलाई विश्लेषण गर्दा निम्न बमोजिम सम्बन्ध विच्छेद गर्न सकिने कानुन व्यवस्था छ :

- आपसि सहमतिबाट हुने सम्बन्ध विच्छेद,
- सम्बन्ध विच्छेद गर्न चाहने पुरुष वा महिलाले कानुनमा व्यवस्था भएको सम्बन्ध विच्छेदका आधारलाई पुष्टि गरेमा सो अनुसार अदालतबाट फैसला भएमा ।

सामान्यतया मिलापत्रद्वारा गरिने सम्बन्ध विच्छेद सहज भएपनि अदालतले प्रमाण बुझेर फैसलाका आधारमा हुने सम्बन्ध विच्छेद त्यति सहज र छिटो हुन सक्ने अवस्था छैन । अदालतले मुद्दाको सुनुवाइको क्रममा १ वर्षसम्म मेलमिलाप गराउन प्रयत्न गर्ने प्रावधान रहेको छ । यस्तो अवस्थामा कतिपय मुद्दाहरूमा मिलापत्र हुने सम्भावना पनि रहन्छ ।

प्रस्तुत अध्ययनबाट उदयपुर जिल्ला अदालतमा १ वर्ष र ३ वर्षसम्म दर्ता भएका सम्बन्ध विच्छेदका मुद्दाहरूको अवस्था के छ ? यसले समाजलाई कस्तो सन्देश दिन सक्छ ? सम्बन्ध विच्छेदको सवाल हाल आएर सामाजिक समस्याको रूपमा स्थापित हुँदै छ कि वैवाहिक सम्बन्धको अधिकारको उपयोग हो भनी बुझ्ने प्रयत्न गरिएको छ । हरेक मानिस स्वतन्त्र व्यक्ति हो । मानिसले वैवाहिक सम्बन्धलाई समेत स्वतन्त्र रूपमा सञ्चालन गर्न चाहन्छ । वैवाहिक सम्बन्ध कोसँग कायम गर्ने, यसको निरन्तरता दिइरहने कि अन्त्य गर्ने भन्ने कुरा अन्तर्राष्ट्रिय कानुनहरूद्वारा परिभाषित छ । हाल विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले पनि विवाहलाई एक सम्झौताको रूपमा स्वीकार गरेको छ (संयुक्त राष्ट्र सङ्घ, १९४८, पृ. ७-८) । अर्को तर्फ यही समाजमा सम्बन्ध विच्छेद सामाजिक समस्याको

रूपमा मानिँदै आएको छ । सम्बन्ध विच्छेद कार्यले परिवारमा विखण्डन ल्याउने, सामाजिक गतिविधिमा परिवारले पुर्याउने योगदानमा शिथिलता मात्र नभएर गम्भीर मानसिक विचलन ल्याउने, परिवारका सदस्यहरू मूलतः बालबालिकालाई मानसिक असर पुर्याई आपाराधिक गतिविधिलाई वढावा दिने र अन्तत्वगत्वा सम्पूर्ण रूपले राज्यलाई नै नोक्सानी पुर्याउने अवस्था हुने गर्दछ । यस अध्ययनले मुद्दाको दर्ता तथा फैसलाको अवस्था, जातजातिअनुसारको मुद्दा दर्ताको विवरण, उजुरीकर्ताको लैङ्गिक अवस्था आदिको तथ्याङ्क र विश्लेषण प्रस्तुत गरिएको छ ।

**समस्या कथन**

सम्बन्ध विच्छेद एक सामाजिक समस्याका रूपमा देखा परेको छ । नेपालमा पनि सम्बन्धविच्छेद दिनानुदिन वृद्धि भई गम्भीर समस्याका रूपमा खडा भएको छ । यसले परिवारमा विखण्डन मात्र गर्ने होइन सम्बन्ध विच्छेदीका बालबालिकाले भोग्नु परिरहेको समस्या विकासको निरन्तरताको वाधकका रूपमा देखा परेको छ । सम्बन्ध विच्छेदका कारणले पारिवारिक प्रगतिमा मात्र वाधा पुर्याउने नभएर अन्य सामाजिक विकृतलाई समेत मलजल पुर्याएको छ भन्ने आम जनमानसको गुनासो छ । यसले सामाजिक एकता, पारिवारिक अपनत्वको भावना र सामाजिक मूल्यमान्यता स्खलन ल्याउन प्रोत्साहन गरिरहेको देखिन्छ । सम्बन्ध विच्छेदपछिको समस्यालाई व्यवस्थापन गर्न समाज, स्थानीय सरकार र राष्ट्रिय सरकार सबैले चासो दिन आवश्यक भइसकेको छ ।

**उद्देश्य**

प्रस्तुत लेखको उद्देश्य समाजमा रहेको सम्बन्ध विच्छेद्को अवस्था अध्ययन गर्नु रहेको छ साथै उक्त अध्ययनलाई पूर्णता दिन उदयपुर जिल्ला अदालतमा दर्ता भएको सम्बन्ध विच्छेदका मुद्दाहरूलाई विश्लेषण गरिएको छ ।

**औचित्य**

प्रस्तुत लेखको अध्ययनबाट मुख्यतः उदयपुर जिल्ला अदालतमा दर्ता भएका सम्बन्ध विच्छेदका मुद्दाहरू को अवस्था बारे जानकारी पाइने छ । यसबाट पाठकले कुन जातिहरूका मुद्दा बढी दर्ता हुने, मिलापत्रको अवस्था कस्तो रहने, विगत तीन वर्षको वृद्धि अनुपात कस्तो छ भन्ने जस्ता तथ्यहरूको जानकारी पाई स्थानीय तह तथा सामाजिक अभियन्ताहरूलाई आगामी दिनमा यसबाट सृजना हुने समस्या समाधानका लागि योजना बनाउन मद्दत पुग्ने छ ।

**सीमा**

प्रस्तुत अध्ययन जिल्ला अदालत उदयपुरमा दर्ता भएका सम्बन्ध विच्छेद मुद्दाहरूको तथ्याङ्कमा आधारित छ । मूल रूपमा विगत आर्थिक वर्ष २०७७/०७८ देखि २०८०/०८१ को ३ वर्षसम्म दर्ता भएका सम्बन्ध विच्छेदका मुद्दाहरूको सङ्ख्यामा सीमित रहेको छ । यस बाहेकका अन्य तथ्याङ्कहरू समाविष्ट छैनन् ।

## अनुसन्धान विधि

विगत केही दशक यता नेपाली समाजमा धेरै परिवर्तनहरू आएका छन् । जसले गर्दा पारिवारिक संरचना, संस्कृति र धर्म अनुसार समाजमा महिलाहरूको उत्तरदायित्व, आम्दानीका स्रोतहरू आदिमा परिवर्तन आएका छन् । महिलाहरूको शिक्षा, पेसा, व्यवसाय एवम् राजनीतिमा पहुँच र आधुनिकीकरणले गर्दा श्रीमान् र श्रीमती बिचको परम्परागत आस्थाको आधारमा हुने सोचमा पनि परिवर्तन आएको छ । तसर्थ यो लेखमा सम्बन्ध विच्छेद गर्दा महिला वा पुरुष कसले अग्रसर भएर सम्बन्ध विच्छेदको मुद्दा दर्ता गर्दैछन्, कुन जात जातिमा सम्बन्ध विच्छेदको सङ्ख्याको बाहुल्यता रहेको छ, सम्बन्ध विच्छेद हुने गरी र नहुने गरी मिलापत्र कुन मात्रामा हुने गरेको रहेछ भन्ने तथ्य उजागर गरिएको छ ।

अनुसन्धानका दौरान कुन विधि अपनाएर गरिएको छ भन्ने विषयले विशिष्ट अर्थ राख्छ । सैद्धान्तिक तथा अनुभवजन्य साहित्यको अध्ययन विना शोध अधुरो हुन्छ । तसर्थ प्राथमिक स्रोतका रूपमा जिल्ला अदालत उदयपुरमा दर्ता भएको २०७८, २०७९ र २०८० का वार्षिक प्रतिवेदन अनुसन्धानकर्ताले सङ्कलन गरि र दोस्रो स्रोतको रूपमा पत्रपत्रिकाहरू, अनुसन्धनात्मक लेख, रचना तथा पुस्तकहरू रहेका छन् ।

तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न गुणात्मक तथा परिमाणात्मक विधिलाई मिश्रित रूपमा उपयोग गरिएको छ र उक्त तथ्याङ्कलाई वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी तालिका र रेखाचित्रका माध्यमबाट सरल ढङ्गले लेखलाई प्रस्तुत गरिएको छ ।

**परिणाम तथा विश्लेषण**

समाजशास्त्रीय प्रकार्यात्मक सिद्धान्तानुसार समुदाय एउटा सामाजिक संरचना हो । समाजमा मानव-मानव बिच र अन्य पक्षसँग विभिन्न अन्तरक्रिया हुने गर्दछन् । सबै आपसी प्रकार्यात्मक सम्बन्धले सम्पूर्ण समाज चलिरहेको हुन्छ । परिवारको प्रकार्यात्मक सम्बन्धमा परिवर्तन आउँदा श्रीमान् र श्रीमतीको अन्तर्सम्बन्धमा गडबढी आउँछ । त्यस्तो विच्छेदको घटना बढी हुने गर्दछ, जसलाई समाजशास्त्रीय दृष्टिकोणमा सामाजिक विचलन मानिन्छ (आचार्य, १९९८) ।

आधुनिकीकरण, सहरीकरण, औद्योगिकीकरण र पुँजीवादी प्रणालीको विकासले गर्दा प्रचलित सामाजिक मूल्यमान्यता र चाल चलनमा विचलन आउँदछ । समाजमा पैसाको महत्त्व बढ्दछ । मानिसहरू रोजगारीका लागि टाढा गएर पैसा कमाई विलासी जीवन पद्धति अपनाउन थाल्दछन् । पुरुष र महिलाको जीवन पद्धति आ-आफ्नै खालका हुन्छन् । परिणाम स्वरूप, श्रीमान् श्रीमतीको घनिष्ठता र आपसि विश्वास घट्दछ । परिवारमा वैमनष्यता बढ्छ र अवस्था सम्बन्ध विच्छेद सम्म पुग्दछ ।

महिलाहरूको शिक्षा, पेसा, अवसर र सचेतना बढ्दै जाँदा व्यवहारमा समानताको खोजी हुन्छ र उनीहरूमा आफ्नो अधिकारप्रतिको सचेतना बढ्दै जान्छ । जसले गर्दा पितृसत्तात्मक समाजमा श्रीमान् र श्रीमतीविचको सम्बन्धमा समस्याको सृजना हुन्छन् र अवस्था सम्बन्ध विच्छेदसम्म पुग्दछ ।

नेपाली समाजमा श्रीमान् र श्रीमतीबिचको सम्बन्ध विच्छेद हुने माथि उल्लेखित कारण नै छन् । तसर्थ सम्बन्ध विच्छेदमा कसले पहिला अदालतमा गएर मुद्दा दायर गर्छ भन्ने कुरालाई आधार मानेर नै उदयपुर जिल्लालाई अनुसन्धानको दायरामा ल्याइएको छ ।

उदयपुर जिल्ला अदालतमा विगत ३ वर्षमा जम्मा दर्ता भएका मुद्दाको विवरण यहाँ उल्लेख गरिएको छ :

**तालिका १**

*विगत तीन वर्षमा उदयपुर जिल्ला अदालतमा आएको मुद्दाहरू*

| क्र.स. | आ. व. | जम्मा मुद्दा दर्ता सङ्ख्या | सम्बन्ध विच्छेद मुद्दा सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | ०७७/०७८ | ११०१ | २४६ | २२.३ |
| २. | ०७८/०७९ | १३१६ | ४१४ | ३१.४५ |
| ३. | ०७९/०८० | १३६२ | ४५५ | ३२.६८ |


जिल्ला अदालत उदयपुर

तालिका १ अनुसार आ·व·०७७-०७८ मा जम्मा दर्ता भएको मुद्दा सङ्ख्या ११०१ रहेको र त्यसमा सम्बन्ध विच्छेदका मुद्दा २४६ वटा देखिएको छ । यसमा जम्मा मुद्दा सङ्ख्याको २२·३ प्रतिशत सम्बन्ध विच्छेदका मुद्दा रहेको देखिन्छ । त्यसैगरी आ·व·०७८-०७९ मा जम्मा दर्ता भएको मुद्दा सङ्ख्या १३१६ रहेकोमा सम्बन्ध विच्छेद सम्बन्धी मुद्दाको सङ्ख्या ५१४ रहेको पाइयो । यसलाई पनि प्रतिशतमा हेर्दा ३१·४५ प्रतिशत हुन आउँछ । यसरी विगत आर्थिक वर्षको तुलनामा करिब ११ प्रतिशतको वृद्धि देखिन्छ । यस्तै आ·व·०७९-०८० मा जम्मा दर्ता भएको मुद्दा सङ्ख्या १३६२ रहेकोमा सम्बन्ध विच्छेद मुद्दाको

सङ्ख्या ४५५ रहेको पाइयो । उक्त सङ्ख्याको प्रतिशतमा हेर्दा ३२·६८ प्रतिशत हुन आउँछ । यसरी यो तथ्याङ्कलाई विश्लेषण गर्दा जम्मा मुद्दामा मध्ये अन्य मुद्दाहरूको तुलनामा सम्बन्ध विच्छेद मुद्दा सबैभन्दा धैरै मात्रमा दर्ता भएको पाइएको छ । त्यसैगरी हरेक वर्ष अन्य मुद्दाहरू तुलनामा सम्बन्ध विच्छेद मुद्दाको वृद्धिदर हेर्दा कहाली लाग्दो अवस्था देखिन आउँछ । सयौं किसिमका मुद्दाहरू जिल्ला अदालतमा दर्ता हुँदा सम्बन्ध विच्छेद मुद्दाको सङ्ख्या करिब ३३ प्रतिशत हुन वास्तवमा नै हाम्रो समाजमा पारिवारिक विखण्डनको अवस्था बढ्दै गइ सामाजिक एकता र मेलमिलापको भावना त क्षीण हुँदै जाने गरेको छैन भन्ने प्रश्न समेत जन्माएको छ ।

**वृत्तचित्र १**

*आ.व. ०७९-०८० मा दर्ता भएका सम्बन्ध विच्छेद मुद्दामा पहिला उजुरी गर्ने पक्षको अवस्था*





जिल्ला अदालत उदयपुर

यस तथ्याङ्क अन्तर्गत वैवाहिक जोडी मध्ये महिला र पुरुष कसले पहिला अन्यायमा परे भनेर मुद्दा दर्ता गर्न गएका रहेछन् भनि हेर्ने प्रयास गरिएको छ । यसमा आर्थिक वर्ष ०८०-०८१ जम्मा ४५५ जना मध्ये पहिला अदालतमा उजुरी गर्न आउने महिलाको सङ्ख्या ३६६ जना अर्थात ८९ प्रतिशत देखिन्छ भने पुरुषको सङ्ख्या ८९ जना अर्थात् २० प्रतिशत रहेको छ । यसबाट समेत महिलाहरू नै बढी पीडित

भएर अदालत गएको देखिन्छ । समाजमा अझै पनि महिलाहरूको एकल जीवन जोखीमपूर्ण मानिएता पनि सामाजिक व्यावधानहरूलाई समेत पार गर्दै अदालत सम्म पुग्ने अवस्थाको सङ्ख्या अधिक हुनुमा महिला हिंसा अझै समुदायमा व्याप्त रहेको पुष्टि हुन आउँछ । साथै अहिलेको मौजुदा कानुनले आफ्ना अधिकारको सम्बन्धमा सचेत रहन समेत महिलाहरूलाई अवसर प्रदान गरेको देखिन्छ ।

**वृत्तचित्र २**

*जातिगत आधारमा गत आर्थिक वर्ष ०७९-०८० दर्ता भएका सम्बन्ध विच्छेदका मुद्दाको विवरण*





जिल्ला अदालत उदयपुर

जातिगत आधारमा उदयपुर जिल्लामा दर्ता भएका सम्बन्ध विच्छेद मुद्दाहरू मध्ये आदिवासी तथा जनजातिहरूसँगको मुद्दाहरू धैरै देखिन्छन् । भने मधेसी तथा मुस्लिम समुदायको सङ्ख्या कम देखिन्छ । जम्मा ४५५ गत आर्थिक वर्षको सङ्ख्या मध्ये २६५ वटा अर्थात ५८ प्रतिशत आदिवासी तथा जनजातीहरूसँग सम्बन्धित सम्बन्ध विच्छेद मुद्दा परेको देखिन्छ । त्यसैगरी गरी सोही वर्ष ४५५ सङ्ख्या मध्ये क्षेत्रीहरूको ८८ वटा अर्थात १९ प्रतिशत सम्बन्ध विच्छेदका मुद्दा परेको पाइएको छ । क्षेत्री अन्तर्गत ठकुरी तथा दशनामी समेत समावेश गरिएको छ । यस तथ्याङ्कमा मिक्स भनेर अन्तरजातीय

विवाहलाई समेटीएको हो । अन्तरजातीय भन्नाले दलित तथा गैर दलित र जनजाती तथा अन्य जाती समेतलाई समावेश गरिएको छ । यसबाट अन्तरजातीय विवाहको जम्मा सङ्ख्यालाई आधार बनाउन नसकिए पनि यस अन्तर्गतको तथ्याङ्कले सम्बन्ध विच्छेदको सङ्ख्यात्मक अवस्था अधिक रूपमा नै रहेको सहजै अनुमान लगाउन सकिन्छ । त्यसैगरी जनसङ्ख्याको तुलनामा दलित जातिहरूमा समेत अत्याधिक मात्रामा सम्बन्ध विच्छेदको सङ्ख्या रहेको पाइएको छ । यस अन्तर्गत ४७ वटा अर्थात १० प्रतिशत रहेको पाइएको छ । वास्तवमा माथि उल्लेखित तथ्याङ्कले जनजातिहरूमा सम्बन्ध विच्छेद गर्नेको सङ्ख्या अत्याधिक रहेको पुष्टि गर्दछ ।

**वृत्तचित्र ३**

*उदयपुर जिल्ला अदालतमा आ·व·०७९-०८० मा दर्ता भएका सम्बन्ध विच्छेद मुद्दाको अवस्था*




जिल्ला अदालत उदयपुर, २०८१

गत आर्थिक वर्ष आ·व·०७९-०८० मा उदयपुर जिल्ला अदालतमा दर्ता भएका सम्बन्ध विच्छेदका मुद्दाहरू ४५५ मध्ये दुवै महिला पुरुष सहमती भएर मिलापत्र गरेका २७६ अर्थात ६१ प्रतिशत मुद्दाहरू रहेका छन् । यसैगरी सम्बन्ध विच्छेदको माग दाबि पुग्ने गरी फैसला भएका मुद्दाहरू १२९ अर्थात २८

प्रतिशत रहेको छन् । दाबि नपुग्ने गरी भएको फैसला ९ वटा अर्थात २ प्रतिशत रहेकोमा मुद्दा दायर गरी म्याद गुजारी डिसमिस हुने गरी फैसला भएको मुद्दा सङ्ख्या २८ वटा अर्थात ६ प्रतिशत रहेको छ । उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा सम्बन्ध विच्छेद हुने गरी मिलापत्र भएका मुद्दाहरूको सङ्ख्या सबै भन्दा बढी देखिन्छ । वास्तवमा विवाहलाई सहमतिमा टुङ्ग्याउने कार्यले सामाजिक समस्याको रूपमा मात्र निष्कर्षमा पुग्नु मानव अधिकारको बुझाइलाई साँघुरो बनाउनु हुनजान्छ । त्यसैले मानिसको वैवाहिक सम्बन्ध माथिको स्वतन्त्रताको उपयोग भन्दा बढी सान्दर्भिक र मानव अधिकार सम्पन्न व्यवहारको प्रयोग भन्ने बुझिन्छ । त्यसै गरी दोस्रो सङ्ख्यात्मक स्तरमा परेको दाबि पुग्ने गरी भएको फैसलाको सङ्ख्याले पनि वैवाहिक सम्बन्धको स्वन्त्रताको उपयोगलाई नै टेवा पुर्याएको विश्लेषण गर्न सकिन्छ । किन भने अन्याय वा पारिवारिक सम्बन्धबाट पीडामा परे भन्नेले नै अधिक रूपमा न्याय पाउन सकेको पुष्टि हुन्छ ।

## निष्कर्ष

उदयपुर जिल्लाको जिल्ला अदालतमा दर्ता भएका सम्बन्ध विच्छेद मुद्दाहरूको सङ्ख्यात्मक अवस्थालाई हेर्दा कहाली लाग्दो निरन्तर बढिरहेको पाइएको छ । विगत तिन वर्षको अवस्था हेर्दा जम्मा मुद्दा मध्ये क्रमशः २२, ३१ र ३२ प्रतिशत सङ्ख्या देखिन्छ । जम्मा सङ्ख्याको आधारमा सम्बन्ध विच्छेद मुद्दाको सङ्ख्या अत्याधिक रहेको स्वतः सिद्ध हुन्छ । सम्बन्ध विच्छेदका जम्मा मुद्दा मध्ये एक वर्ष आ·व·०८०-०८१ को अवस्था हेर्दा मिलापत्र द्वारा सम्बन्ध विच्छेद भएको सङ्ख्या अधिक रूपमा ६१ प्रतिशत पाइयो । यस तथ्यबाट मानिसहरूले स्वतन्त्र रूपमा नै वैवाहिक सम्बन्धको अधिकारलाई प्रयोग गरिरहेको देखिन्छ । वास्तवमा सम्बन्ध विच्छेद गर्न विनाकारण मानिस तयार हुँदैन । पारिवारिक सम्बन्धको निरन्तरता दिन नसक्ने अवस्थामा पुगेर मात्र मानिस सम्बन्ध विच्छेद गर्न तयार भएको हो । जातिगत आधारमा हेर्दा जनजातिहरूमा बढी सम्बन्ध विच्छेद गर्ने सङ्ख्या देखियो । यसको कारण समेत

अधिकारको उपयोगमा सचेतता नै हो । जनजाति महिलाहरू अन्य महिलाहरू भन्दा स्वतन्त्रतामा बढि रहने परम्परा भए कै कारणले पनि यो अधिकारको उपयोग अन्य भन्दा बढी देखिएको हो ।

## सन्दर्भ सूची


Acharya, B.R. (1998) *Marriage and Divorce in Nepali Society: An Sociological Study*. An Unpublished Master's Thesis, Central Department of Sociology, T.U.

The Encyclopedia Britannica. (1910). *Encyclopedia Britannica* (Vol. 3, 11th ed.). University Press, Cambridge.

United Nations. (1948). *Universal declaration of human rights.* https://www.un.org/en/about-us/universal-declaration-of-human-rights

जिल्ला अदालत उदयपुर. (२०७९). *वार्षिक प्रतिवेदन.*

जिल्ला अदालत उदयपुर. (२०८०). *वार्षिक प्रतिवेदन.*

जिल्ला अदालत उदयपुर. (२०८१). *वार्षिक प्रतिवेदन.*

थपलिया, शान्ता. (२०४८). *नेपालको पारिवारिक कानुन.*

नेपाल सरकार. (२०७४). *मुलुकी देवानी संहिता.* कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ।

मिश्र, चैतन्य. (सन् २०१०). बदलिँदो नेपाली समाज. फाइन प्रिन्ट ।

श्रेष्ठ, शंकरकुमार. (२०५३). *नेपाली कानुनी शब्दकोश : नेपालको पहिलो कानुनी शब्दकोश* (नेपाली-अङ्ग्रेजी-नेपाली). पैरवी प्रकाशन ।